# संचारिका
## फिचर सेवा

SANCHARIKA SAMUHA

WOMANKIND WORLDWIDE EQUAL RESPECTED PROUD

वर्ष १३, अङ्क २४ फागुन/चैत March 2013


लिङ्गका आधारमा हुने हिंसालाई लैङ्गिक हिंसा भनिन्छ । र, नेपालमा लैङ्गिक हिंसा परापूर्वकालदेखि कायम छ । आर्थिक, सामाजिक र चेतनाका कारण महिला भएकै कारण धेरै महिला हिंसाको चपेटामा पर्ने गरेका छन् । महिलामाथि हुने हिंसाको सबैभन्दा पुरानो रूप घरेलु हिंसालाई मानिन्छ । घरैमा महिलामाथि हुने हिंसाका पनि अनेक स्वरूप छन् । यस्तो हिंसा कानुनी रूपमा बन्देज भए पनि पछिल्लो समय घरेलु हिंसाका ज्यादै क्रूर तस्बिरहरू आएका छन् । घरेलु हिंसा नियन्त्रण गर्न छुट्टै कानुन भए पनि त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा महिला घरैमा पीडित हुने क्रम रोकिएको छैन ।

महिला र सञ्चारको क्षेत्रमा लामो समयदेखि कार्यरत सञ्चारिका समूहले स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई अघि बढाइरहेको छ । यो फिचरसेवा यही अभियानको एउटा हिस्सा हो ।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो । हाम्रा धेरै आमा, हजुरआमाले आफूमाथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# एमाओवादी असमावेशी बाटोतिर, महिला सहभागिता क्रमशः घट्दै

**एमाओवादीले ०६९ चैतको अन्तिम साता केन्द्रीय समिति विस्तार गरी सदस्य सङ्ख्या दुई सय ४० पुर्‍यायो । त्यसमा जम्मा ३० जना महिला केन्द्रीय सदस्य चयन भए । यो करिब साढे १२ प्रतिशत हुन आउँछ ।**

**गंगा बीसी**

माघ तेस्रो साता हेटौँडामा भएको एमाओवादीको सातौँ महाधिवेशनमा महिला नेतृहरूले केन्द्रीय सचिवालय (हेडक्वाटर) केन्द्रीय समितिमा कम्तीमा पनि ३३ प्रतिशत सहभागिता हुनुपर्ने भन्दै ज्ञापनपत्र बुझाए । हेडक्वाटरले महिला नेतृत्वको माग सम्बोधन गर्ने प्रतिबद्धतासमेत जनायो । महाधिवेशन सकियो, महिला नेतृहरू हेरेको हेरै भए । केन्द्रीय समितिमा ३३ प्रतिशत माग पूरा हुनु त परै छ, मुस्किलले पाँच प्रतिशत महिला परे । महाधिवेशनले पुरानै केन्द्रीय समिति ९८ जनामा जम्मा ६ जना महिला परे ।

महाधिवेशन चलिरहेकै बेला नेतृ हिसिला यमीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेट गरी आफ्नो माग सम्बोधन नभए महाधिवेशन बहिष्कार गर्ने चेतावनी दिएको थियो । उनीहरूले पार्टीको सबै तहमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने माग गरे । प्रचण्डले महिलाका माग सम्बोधन हुने आश्वासन दिँदै महाधिवेशन बहिष्कार नगर्न आग्रह गरेका थिए । केन्द्रीय समितिमा ३३ प्रतिशतको आश गरेका महिला नेतृ आश्वासन बोकेर कार्यक्षेत्र फर्कनुपर्‍यो ।

महाधिवेशन प्रतिनिधि चयन गर्ने बेला ३३ प्रतिशत महिला सहभागी गराउन केन्द्रबाट परिपत्र जिल्ला समितिहरूमा गएको थियो । तर, जिल्ला समितिले चयन गरेन, बरु केन्द्रलाई जवाफ पठायो, 'महाधिवेशन प्रतिनिधि बन्ने क्षमताका महिला नभएकाले ३३ प्रतिशत सङ्ख्या पुगेन ।' महाधिवेशनकै बेला प्रवक्ता अग्नि सापकोटाले सुनाएका थिए ।

**मुलुक संविधानसभाको निर्वाचनमा होमिनै लागेको बेला एमाओवादीमा महिला सहभागिताको माग अझ बढ्नेवाला छ । एमाओवादीका महिला नेतृहरूले कम्तीमा पनि २४ प्रतिशत महिला उम्मेदवार बनाइनुपर्ने र त्यति नै समानुपातिक कोटामा हुनुपर्ने माग राख्ने तयारी गरेका छन् । महिला सहभागिताको नाममा नेता नजिकाले मात्र मौका पाउनुहुँदैन भन्ने माग पनि एमाओवादीभित्र जबर्जस्ती उठेको छ ।**

एमाओवादीले ०६९ चैतको अन्तिम साता केन्द्रीय समिति विस्तार गरी सदस्य सङ्ख्या दुई सय ४० पुर्‍यायो । त्यसमा जम्मा ३० जना महिला केन्द्रीय सदस्य चयन भए । यो करिब साढे १२ प्रतिशत हुन आउँछ । यो लेख तयार पार्दासम्म स्थायी समिति र पोलिटब्युरो बनाइएको छैन । सम्भवतः स्थायी समितिमा हिसिला यमीलाई ल्याइनेछ भने पोलिटब्युरोमा ६ जना महिला थपिनेछन् । केन्द्रीय पदाधिकारीमा एकजना महिला पनि पर्ने सम्भावना छैन ।

समावेशीको चर्को कुरा गर्ने एमाओवादी लैङ्गिक हिसाबले निकै तल देखिएको छ । सशस्त्र द्वन्द्वका बेला माओवादी सेनामा करिब ४० प्रतिशत महिला सहभागी थिए । नेतृ यमीले सर्वेक्षण गरेर लेखेको 'जनयुद्ध र नेपालमा महिला मुक्ति' पुस्तकमा ३९.८९ प्रतिशत महिला जनसेनामा सहभागी भएको उल्लेख छ । त्यसबेला पार्टीमा ३३.६२ प्रतिशत महिला सहभागी थिए ।

माओवादीले सशस्त्र द्वन्द्वका बेलादेखि नैसमावेशीको चर्को कुरा गर्न थालेको हो । अध्यक्ष प्रचण्डले पटकपटक आफ्नो पार्टी सबभन्दा बढीसमावेशी भएको दाबी गरिसकेका छन् । संविधानसभा निर्वाचनसम्म आइपुग्दा माओवादीले लैङ्गिक हिसाबले बढी समावेशी बनाउने प्रयत्नसमेत गरेको थियो । त्यसको उदाहरण संविधानसभा निर्वाचनबाट सभासद् भएका महिला सभासद्को प्रतिशतले पनि देखाउँछ । विघटित संविधानसभामा माओवादीबाट करिब ३१ प्रतिशत महिलाको सहभागिता थियो । त्यसबेला माओवादीको तर्फबाट दुई सय ३९ सभासद्मध्ये ७३ जना महिला थिए ।

माओवादी महिला नेतृहरूले पार्टी विधानमै कम्तीमा ३३ प्रतिशतको प्रावधान राख्नुपर्ने माग गरेका थिए । विधान मस्यौदा समितिमा नेतृ हिसिला यमी सदस्य भए पनि उनको मागको सुनुवाइ नभएको गुनासो नेतृहरूको छ । कति प्रतिशत महिलाको सहभागिता हुने भन्नेबारे विधानमा स्पष्ट छैन । एकीकृत माओवादीको विधानको धारा १९ को उपधारा

२ मा महिला, दलित र आधारभूत वर्गबाट पार्टीमा आएका कार्यकर्ताको रक्षा र नेतृत्व विकास गर्ने उल्लेख छ । 'महिला, दलित र आधारभूत वर्ग (गरिब, किसान र मजदुर) बाट पार्टीमा आएका कार्यकर्ताको रक्षा एवम् नेतृत्व विकासका नीति, योजना र कार्यक्रम बनाउन पार्टीको निर्णयको आधारमा विविध कार्यक्रम सञ्चालन गर्न र ती वर्ग र समुदायबाट आएका कार्यकर्तासम्बन्धी पार्टीनीति र कार्यक्रम लागू भए-नभएको नियमित अनुगमन गरी पार्टीलाई नियमित सचेत गराउन केन्द्रदेखि स्थानीय तहसम्म महिला, दलित र आधारभूत वर्गविशेषको विभाग गठन गरिनेछ,' विधानमा उल्लेख गरिएको छ ।

**माओवादी महिला नेतृहरूले पार्टी विधानमै कम्तीमा ३३ प्रतिशतको प्रावधान राख्नुपर्ने माग गरेका थिए । विधान मस्यौदा समितिमा नेतृ हिसिला यमी सदस्य भए पनि उनको मागको सुनुवाइ नभएको गुनासो नेतृहरूको छ । कति प्रतिशत महिलाको सहभागिता हुने भन्नेबारे विधानमा स्पष्ट छैन ।**

नेतृ यमीले केन्द्रीय पदाधिकारीदेखि स्थानीय समितिसम्म ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने दबाबमूलक अभियान जारी राख्ने बताइन् । उनले हेटौंडा महाधिवेशनमा ३३ प्रतिशत सहभागिताका लागि शीर्ष नेतृत्वलाई पूरक लिखित सुझाब दिएको भए पनि सुनुवाइ नभएको गुनासो गरिन् । 'हामीले ३३ प्रतिशत महिला सहभागिता हुनुपर्छ भन्ने माग गरेका हौँ, त्यहाँ त्यो कुरामा खासै सुनुवाइ भएन,' उनको भनाइ छ, 'पार्टीभित्रको संरचनालाई हेर्दा सबै सङ्गठनमा अब कम्तीमा पनि २४ प्रतिशत महिला हुनुपर्छ भन्ने माग छ ।' उनले केन्द्रीय पदाधिकारी (हेडक्वाटर) मा समेत महिला प्रतिनिधित्व हुनुपर्ने बताइन् । पार्टीभित्र सङ्घर्षका कारण महिलाको सहभागिता बढेको दाबी उनको छ ।

माओवादीका शीर्ष महिलाले समावेशीको चर्को कुरा गरे पनि सबै तहमा सहभागी गराउँदा 'योग्य' नेतृ उत्पादन नभएको तर्क गरेको गुनासो उनीहरूको छ । वैकल्पिक केन्द्रीय सदस्य बलावती शर्मा अवसर नै नदिई महिलाको क्षमता वृद्धि कसरी हुन्छ भनी प्रश्न गर्छिन् । 'युद्ध लड्न सक्ने महिला शान्तिप्रक्रियाको राजनीतिमा योग्य छैनन् भन्न मिल्दैन,' उनको भनाइ छ, 'अवसर नै नदिई कसरी क्षमता विकास हुन्छ । यो योग्य नभएको बहानामा महिलालाई पाखा लगाउने काम मात्र हो ।'

पार्टीभित्र गुटमा लागेका महिलाले पनि राम्रै अवसर पाएका छन् । माओवादी शान्तिप्रक्रियामा आइसकेपछि शक्तिशाली नेताका नजिकका महिला नेतृहरूले राम्रो अवसर पाए । उनीहरूले पार्टी र सरकारमा पनि राम्रै पद पाए । आफूले पद पाएपछि अरूको बारे चासो राख्ने कुरा पनि भएन । त्यहाँ पनि पार्टी गुटका, शक्तिशाली नेतानजिकका महिलाको अस्तित्व अलि फरक छ । कुनै पनि गुटमा नलागेका महिलाले अवसर पाउन कठिन सङ्घर्ष गर्नुपर्छ ।

माओवादीमा चरम गुटबन्दी भएको बेला एउटा गुटका महिलाले अर्को गुटका महिलाको खुट्टा तान्ने प्रवृत्ति व्यापक देखिएको थियो । एमाले अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री भएको बेला माओवादीमा प्रचण्ड र बाबुराम भट्टराई पक्षका महिलाबीच तीव्र सङ्घर्ष चलेको थियो । प्रचण्ड पक्षका महिला नेतृ, सभासद्ले खनाललाई समर्थन गरेका थिए भने बाबुराम पक्षकाले 'नोट अफ डिसेन्ट' लेखेका थिए । पार्टीमा गुट, सङ्घर्ष चलेको बेला महिला समानताको कुरा त्यत्तिकै सेलाउँछ । जसका कारण शीर्ष नेतृत्वले उनीहरूका कुरा सुन्दैन ।

मुलुक संविधानसभाको निर्वाचनमा होमिनै लागेको बेला एमाओवादीमा महिला सहभागिताको माग अझ बढ्नेवाला छ । एमाओवादीका महिला नेतृहरूले कम्तीमा पनि २४ प्रतिशत महिला उम्मेदवार बनाइनुपर्ने र त्यति नै समानुपातिक कोटामा हुनुपर्ने माग राख्ने तयारी गरेका छन् । महिला सहभागिताको नाममा नेता नजिकाले मात्र मौका पाउनुहुँदैन भन्ने माग पनि एमाओवादीभित्र जबर्जस्ती उठेको छ । 'ठूला नेताका नजिकका महिला नेतृले मात्र मौका पाउने हो भने समावेशीको कुराको खासै अर्थ हुन्न,' एक महिला नेतृले आफ्नो नाम नबताउने सर्तमा भनिन्, 'योग्य, इमानदार महिलाले मौका पाए मात्र समावेशीको अर्थ हुन्छ ।'

जनआन्दोलन- २ पछि संविधानसभा निर्वाचनमा माओवादीले महिला सहभागिता सम्मानजनक (३१ प्रतिशत) पुऱ्याएको थियो । त्यसलाई धेरैले नमुनाको रूपमा लिएका थिए । त्यो अन्तरिम संविधानको बाध्यकारी अवस्था पनि थियो । त्यसपछि पार्टीको विभिन्न संरचनामा पनि महिला सहभागिता क्रमशः ओरालो लागेको देखिन्छ । यसले के देखाउँछ भने महिला सहभागिताको दृष्टिकोणले एमाओवादी असमावेशी हुने बाटोतिर उन्मुख छ ।

*संचारिका फिचर सेवा*

(बीसी कान्तिपुर दैनिकसँग आबद्ध पत्रकार हुन् ।)

# कम छैन राजनीतिज्ञ महिलाले भोग्ने हिंसा पनि

**राजनीति गर्ने महिला एक्लिँदै गएका छन् । श्रीमान् तथा परिवारका सदस्यहरूले राजनीतिमा लाग्नुको महत्व नबुझ्दा र केही बुझेको परिवारले पनि घरभित्रको सबै काम महिलाको हो, त्यो सकेर बाहिर निस्कियोस् भन्ने अपेक्षा गरेका हुन्छन्, जुन सम्भव छैन ।'**

**लक्ष्मी बस्नेत**

नेपाली काङ्ग्रेसकी पूर्वसभासद् उमा रेग्मीको करिब चार वर्षअघि श्रीमान्सँग सम्बन्धविच्छेद भयो । विद्यार्थीजीवनमा सँगै राजनीति गर्दागर्दै यज्ञप्रसाद अधिकारीसँग रेग्मीको प्रेमविवाह भएको थियो । तर, वैवाहिक जीवनमा सुरुवातदेखि नै कल्पनासमेत नगरेको सङ्घर्ष गर्नुपर्‍यो रेग्मीले । राजनीति गर्ने सहयात्रीसँग विवाह गरे पनि श्रीमान्ले विवाहलगत्तैदेखि राजनीति छोड्न अनौपचारिक रूपले दबाब दिन थालेको रेग्मीको भनाइ छ । 'विवाहअघि राजनीति गरेर जुन तहमा पुगियो, त्यसभन्दा माथि जान नदिने गरी दबाब दिने क्रम सुरु भयो,' रेग्मी भन्छिन्, 'झन्डै १५ वर्ष श्रीमान्सँग विवादैविवादबीच बित्यो । विवाह गरी नै सकेपछि सकेसम्म मिलेर जान सकिन्छ कि भनेर धेरै सहेँ तर सफल हुन सकिनँ । र, चार वर्षअघि सम्बन्धविच्छेद गरेर अहिले राजनीतिमै रमाइरहेकी छु ।'

नेकपा एमालेकी केन्द्रीय सदस्य तथा पूर्वसभासद् उषाकला राईलाई विवाह भए पनि राजनीति गर्न त्यति असहज थिएन । उनी भन्छिन्, 'राजनीति बुझेको परिवार भएकाले यता लाग्न प्रत्यक्ष अवरोध भएन । तर, मानसिक हिंसा मैले पनि भोगेकी छु ।' खोटाङमा जन्मिएर विद्यार्थी राजनीति थालेकी राईलाई घर छोडेर राजनीतिक कार्यक्रममा जाँदा भने कहाँ गइस् भनेर चियोचर्चो भइरहन्थ्यो । 'कतिपय अवस्थामा त गोप्य बैठकहरूमा पनि मान्छे पठाउँथे घरबाट,' उनी भन्छिन् ।

**हरेक दिन महिलामाथि भएका विभिन्न प्रकारका घरेलु हिंसाका घटनाहरू मिडियामार्फत पनि सार्वजनिक भइरहेका हुन्छन् । तर, उनीहरू आफैँले भोगेका कुनै पनि अनुभवका विषयमा त्यति छलफलसमेत भएको पाइँदैन । न त दलहरूले नै यसलाई गम्भीर रूपमा लिएका छन् न त कहीँ उजुरी भएको छ ।**

मानसिक हिंसाको सिकार खेपेकी एकीकृत नेकपा माओवादीकी नेतृ तथा पूर्वसभासद् कल्पना राणाको पनि राजनीतिक जीवनको सुरुवात सुखद थिएन । शाह (ठकुरी) परिवारमा सल्यानमा जन्मिएकी उनको काठमाडौँको राणा परिवारमा विवाह भयो । सम्भ्रान्त परिवारमा पारिवारिक सम्बन्ध गाँस्नु धेरैलाई धेरै हिसाबले फाइदा पनि होला, तर कल्पनाको अनुभव भने फरक छ । विद्यार्थीजीवन भारतमा बिताएर त्यहीँबाट वाम विचारधाराको राजनीति सुरु गरेकी राणालाई लवाइखुवाइकै कारण पारिवारिक भेटघाट तथा विवाह, व्रतबन्धजस्ता शुभकार्यहरूमा निम्तोसमेत दिइँदैनथ्यो । 'मलाई महँगो कपडा, गरगहना लगाएर सजिनु आवश्यक लाग्दैनथ्यो, तर पारिवारिक समारोहमा यी कुरा अनिवार्यजस्तै हुन्थ्यो । त्यसैले मलाई बोलाइँदैनथ्यो,' उनको विश्लेषण छ ।

नेपाली महिला आन्दोलनकी अगुवा सहाना प्रधानले पनि पढ्नका लागि घरै छोडेर हिँड्नुपरेको थियो । दाजुभाइलाई पढ्न पठाएर छोरी भएकै कारण हजुरबुबाले पढ्न नपठाउने भन्दै घरमा पढ्न खोज्दा पुस्तक नै खोसेर फालिदिएको उनकै बारेमा प्रकाशित पुस्तक 'स्मृतिको आँखीझ्यालबाट' मा उल्लेख छ ।

राजनीतिमा लाग्ने महिला अपवादबाहेक सबैमाथि परिवारभित्र हिंसा हुने गरेको बताउँछिन् महिला र राजनीतिको विषयमा काम गर्दै आएको दिदीबहिनी नामक संस्थाकी अध्यक्ष एवम् महिलाको राजनीतिक सशक्तीकरणका लागि सक्रिय सञ्जालकी संयोजक सलोनी सिंह । सिंह भन्छिन्, 'यसले गर्दा राजनीति गर्ने महिला एक्लिँदै गएका छन् । श्रीमान् तथा परिवारका सदस्यहरूले राजनीतिमा लाग्नुको महत्व नबुझ्दा र केही बुझेको परिवारले पनि घरभित्रको सबै काम महिलाको हो, त्यो सकेर बाहिर निस्कियोस् भन्ने अपेक्षा गरेका हुन्छन्, जुन सम्भव छैन ।' त्यहीँबाट हिंसा सुरु हुने सिंहको भनाइ छ ।

एकजना विद्यार्थी नेतृ नाम नबताउने सर्तमा भन्छिन्, 'म अविवाहित छु, मलाई घरपरिवारबाट को-कोसँग बोलिस्/हिँडिस् भन्नेजस्ता विषयमा सोधखोज भइरहन्छ भने समाजले त अवश्य कुरा काट्छ होला । घरैदेखि भइरहेको यस्तो मानसिक तनावबीच मैले काम गरिरहेकी छु, यसबारे कहाँ कसरी के भनेर उजुरी दिऊँ ? बरु चुपचाप सहेर आफ्नो काम गरिरहेकी छु ।' उनको प्रश्न छ, 'मैले उजुरी गरेँ भने पनि मलाई सोधखोज गर्ने मेरा परिवारका सदस्यमाथि

कारबाही हुने र मलाई राजनीति गर्न सहज हुने अवस्था हुन्छ र ?'

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ अनुसार 'घरेलु हिंसा' भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो भने गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कार्यलाई समेत बुझाउँछ । तिनै विधायकले बनाएको ऐनअनुसार रेग्मी, राई र राणालगायतको राजनीतिक जीवनसँग जोडिएर भएका ती घटना घरेलु हिंसा हुन् । हरेक दिन महिलामाथि भएका विभिन्न प्रकारका घरेलु हिंसाका घटनाहरू मिडियामार्फत पनि सार्वजनिक भइरहेका हुन्छन् । तर, उनीहरू आफैँले भोगेका कुनै पनि अनुभवका विषयमा त्यति छलफलसमेत भएको पाइँदैन । न त दलहरूले नै यसलाई गम्भीर रूपमा लिएका छन् न त कहीँ उजुरी भएको छ ।

सरकारकै तथ्याङ्कअनुसार पनि ४८ प्रतिशत महिला कुनै न कुनै प्रकारको घरेलु हिंसाको सिकार भएकै हुन्छन् । तर, गैरसरकारी सङ्घसंस्थाहरूले झन्डै ९० प्रतिशत महिला हिंसाको सिकार हुने गरेको बताउने गरेका छन् । तर, राजनीतिमा लाग्ने महिलाको हिंसाको अवस्थाबारे कुनै अध्ययनसमेत भएको छैन । एकीकृत नेकपा माओवादीकी केन्द्रीय सदस्य शशी श्रेष्ठ भन्छिन्, 'राजनीतिमा लाग्ने सबैजसो महिलाले कुनै न कुनै प्रकारको हिंसा भोगेकै हुन्छ । कति सार्वजनिक भए कति भएनन् वा कतिले सार्वजनिक गरे, कतिले गरेनन् वा गर्न चाहँदैनन् फरक यति मात्र हो ।'

राजनीतिमा लागेका महिलामाथि हुने राजनीतिक हिंसाको चर्चा र बहस बिस्तारै सुरु भए पनि उनीहरूमाथि घरपरिवारभित्रैबाट भइरहेको हिंसा अझ डरलाग्दो अवस्थाको छ । जुन अहिलेसम्म खासै चर्चा र छलफल पनि भएको छैन । यस्तो अवस्थामा महिलालाई राजनीति गर्न कसरी सहज बनाउने त ? राजनीतिमा महिलाको ५० प्रतिशत सहभागिताको नारा लिएर काम गरिरहेको सङ्कल्प नेपालका अध्यक्ष दुर्गा सोब भन्छिन्, 'राजनीति गर्न सहज बनाउने काम राजनीतिक दलहरूकै हो, अहिलेसम्म महिलालाई उनीहरूको क्षमताअनुसार पार्टीभित्र जिम्मेवारी दिइएको छैन भने महिला भएका कारण विशेष प्राथमिकता दिएर माथिल्लो तहमा धेरै महिला पुऱ्याउनुपर्छ । यसो गरिएमा धेरै घरपरिवारले महिलालाई सहयोग गर्दै जाने निश्चित छ । नत्र घरभित्रको हिंसाबाट बल्लबल्ल निस्किएका महिलालाई राजनीतिमा थप हिंसा भइरहने हो भने नयाँ संविधान, नयाँ नेपाल बन्ने कुरा नारामा मात्र सीमित हुन्छ ।'

यस्तै अवस्थामा राजनीतिमै जीवन बिताउने प्रण गरेका राजनीतिज्ञ महिलाको राजनीतिक यात्रा कठिन र सङ्घर्षपूर्ण थियो, छ र अझै धेरै वर्ष हुनेछ । तर, के यसो भन्दैमा महिलाले राजनीति नै नगर्ने त ? अधिकारकर्मी सलोनी सिंहको सुझाव छ, 'सबैभन्दा पहिला राजनीतिक दलहरूले नै महिलालाई विशेष प्राथमिकता दिएर राजनीतिक हिंसाबाट मुक्त गराउनुपर्छ र बढीभन्दा बढी महिलालाई नेतृत्व तहमा लैजाने अवस्था सिर्जना गर्नुपर्छ भने उनीहरूलाई सक्षम बनाउन आवश्यक परे त्यसको पहल पनि दलहरूले नै थाल्नुपर्छ ।' काङ्ग्रेस नेतृ उमा रेग्मी पनि घरदेखि सङ्घर्ष गर्नुपर्ने महिलाको अहिलेसम्मको बाध्यतालाई सामान्य रूपमा लिँदै त्यसविरुद्ध लड्दै अघि बढ्नुपर्ने बताउँछिन् । जबसम्म महिला बाहिर निस्किँदैनन् तबसम्म घरभित्रै अधिकार दिन कोही पनि आउँदैन । म पनि घरभित्रै बसिरहेकी भए सांसद, सभासद्, पार्टीको केन्द्रीय तहसम्म पक्कै पुग्दिनँ थिएँ- उनको विचार छ ।

समान सहभागिताको मुद्दालाई सैद्धान्तिक रूपमा राज्य वा राजनीतिक दलहरूले पनि स्वीकार गरिसकेका छन् भने राज्यको हरेक निकायमा ३३ प्रतिशत सहभागितालाई अन्तरिम संविधानले सुनिश्चित गरिसकेको छ । त्यसैले महिला हरेक क्षेत्रमा आउनुपर्छ भने देशको मूल नीति मानिने राजनीतिमा सङ्घर्ष गरेरै भए पनि लाग्नु अहिलेको आवश्यकता हो । राजनीतिक दल र राज्यले पनि राजनीतिमा महिलालाई सहज हुने वातावरण बनाउनेतर्फ पहल गर्नु जरुरी छ ।

*संचारिका फिचर सेवा*

**राजनीतिमा लागेका महिलामाथि हुने राजनीतिक हिंसाको चर्चा र बहस बिस्तारै सुरु भए पनि उनीहरूमाथि घरपरिवारभित्रैबाट भइरहेको हिंसा अझ डरलाग्दो अवस्थाको छ । जुन अहिलेसम्म खासै चर्चा र छलफल पनि भएको छैन ।**

*(बस्नेत सामुदायिक सूचना नेटवर्क (सीआईएन) सँग आबद्ध पत्रकार हुन् ।)*

# घर र समाज दुवैबाट पीडित दलित महिला

**सामाजिक विभेदसँगै दलित महिला घरेलु हिंसाबाट पनि उत्तिकै पीडित छन् । बालविवाह, कुटपिट, मानसिक यातना, दाइजो, बहुविवाहबाट उनीहरू पीडित भइरहेका छन् ।**

**नेहा शर्मा**

काभ्रेको भकुन्डेबेसीकी सानु सुनुवारलाई गाउँलेले बोक्सीको आरोप लगाए । गाउँलेको लहैलहैमा आफ्नै छोराबुहारीले समेत बोक्सी नै हो भन्दै घरनिकाला गरेपछि उनी अहिले घरको न घाटको भएकी छिन् । सानुको पीडा यतिमा मात्रै सीमित छैन । 'लोग्नेले समेत बोक्सी भन्दै सधैँ कुट्थे,' उनले श्रीमान् र छोरा-बुहारीले कल्पित आरोप लगाएको पीडा सुनाइन् ।

श्रीमान्कै पिटाइका कारण अहिले उनको दाहिने हात राम्ररी चल्दैन । उमेरले ७० कटिसकेकी सानुमाया भन्छिन्, 'बोक्सी हो भन्दै खानसमेत दिँदैनथे ।' धेरैजसो दलित समुदायका महिलाले बोक्सीको आरोपमा पीडित हुनुपरेको घटना नौलो होइन । बोक्सीजस्तो अन्धविश्वासले जरा गाडेको समाजमा गरिब परिवारका दलित महिला पीडित त छँदै थिए, त्यसमाथि त्यही आरोपमा घरपरिवारले समेत यातना दिएपछि उनीहरू दोहोरो मारमा परेका छन् । सानुमाथि समाज र परिवारले लगाएको बोक्सीजस्तो अप्रमाणित आरोप छ छँदै थियो । घरबाट बाहिर निस्कँदा चरित्रमाथि पनि शङ्का गर्दै श्रीमान्ले कुटपिट गर्थे ।

श्रीमान् वा छोराबाट यातना खप्न बाध्य सानुमाया एक्ली महिला भने होइनन् । कुनै न कुनै निहुँमा महिला घरेलु हिंसाबाट पीडित भइनै रहेका छन् । काभ्रेकै अर्की महिला चिना विश्वकर्मा पनि श्रीमान्को कुटाइबाट आजित भएपछि अहिले माइतीमा छिन् । श्रीमान्ले दिनहुँ रक्सी खाएर कुटपिट गर्न थालेपछि उनी माइतीको शरणमा पुगेकी हुन् । बेरोजगार श्रीमान्बाट प्रायः दिनदिनै कुटाइ खाएको सम्झँदै उनी भन्छिन्, 'काम छैन, दिनभर भट्टीमा बस्थ्यो । साँझ घर आएर कुट्थ्यो । सँगै बसेको भए अहिलेसम्म कुटेरै मार्थ्यो होला ।'

घरभित्र मात्र होइन, दलित समुदायका महिला समाजबाट पनि उत्तिकै पीडित छन् । काठमाडौंमा भेटिएकी काभ्रेकी मैया रोकायालाई आफ्नै घरमा चियापसल राखेको व्यापारीले पसलमा बसेर चिया खान दिएनन् । तल्लो जातको महिला भन्दै ग्राहक भड्किने निहुँ पारेर पसलमा आउन नदिएको मैयाको भनाइ छ । मैया भन्छिन्, 'म पढेलेखेकी मान्छे, मैले त्यो पसलेलाई सम्झाउने प्रयास गरेँ । तर, उसले मेरो कुरा बुझ्नै खोजेन ।'

ललितपुरकी मनिता अछामी त अधिकारको क्षेत्रमा काम गर्ने महिलाले पनि दलितमाथि छुवाछुत गर्ने गरेको आरोप लगाउँछिन् । उनी भन्छिन्, 'कुनै कार्यक्रममा गएको बेला हामी सहभागी छौँ र सँगै खाना खानुपर्‍यो भने मेरो ब्रत छ वा भोक लागेको छैन भनेर बहाना पारेर नखाई हिँड्छन् । प्रत्यक्ष रूपमा विभेद नगरे पनि अप्रत्यक्ष रूपमा विभेद गरेका हुन्छन् । महिलामाथि गरिने अन्य हिंसासँगै हामी दलित भएकै कारणले यस्ता हिंसा सहन बाध्य छौँ ।'

मनिता मात्र होइन, काठमाडौंकी सम्झना अछामी शिक्षितले पनि दलितमाथि हिंसा गरिरहेको बताउँछिन् । शिक्षा र गाउँ वा सहरमा बसोबास गर्दैमा उनीहरूले आफूहरूमाथि गर्ने विभेद कम नहुने उनको भोगाइ छ । आफ्नै घरमा भाडामा बस्नेले समेत 'तल्लो जातको' भनेर हेप्ने उनको अनुभव छ । उनी भन्छिन्, 'डेरामा बस्नेले दलित हो भनेर पानी थाप्दा पाइप नछोइदिनु भन्ने, भाडा समयमा नदिने गर्छन् ।'

नेपाली काङ्ग्रेसकी पूर्वसभासद् लक्ष्मी परियार दलित महिलाले छोएको पानी गैरदलितले नखाने गरेको बताउँछिन् । कुनै जिल्लामा कार्यक्रममा जाँदासमेत पुरुषलाई सुत्नका लागि छुट्टै कोठा दिने तर महिलालाई पेटीमै सुत्न लगाउने गरेको बताउँछिन् ।

**दलित महिला समाजमा भइरहेको जातीय विभेदको अलावा विभिन्न स्वरूपका घरेलु हिंसाबाट पनि पीडित भइरहेका छन् । राष्ट्रिय महिला आयोगकी अध्यक्ष शेष चाँदतारा दलित महिलाले खेप्ने हिंसा रोक्न छुट्टै नीति बनाउनुपर्नेमा जोड दिँदै भन्छिन्, 'महिलामाथि हुने हिंसा कार्यस्थलदेखि घरसम्म छ ।'**

'हामी राजनीति गर्ने महिलाको अवस्था त यस्तो छ, गाउँका अन्य दलित महिलाको अवस्था के होला ?' उनले प्रतिप्रश्न गरिन्। नीति-निर्माण तहमा पुगिसकेका महिलामाथि पनि विभेद हुने गरेको अनुभव उनको छ। उनी भन्छिन्, 'हामीले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा थुप्रै विभेद सहनुपरेको छ।'

सामाजिक विभेदसँगै दलित महिला घरेलु हिंसाबाट पनि उत्तिकै पीडित छन्। बालविवाह, कुटपिट, मानसिक यातना, दाइजो, बहुविवाहबाट उनीहरू पीडित भइरहेका छन्। एक अध्ययनअनुसार नेपालमा विवाह हुने दलित बालिकामध्ये सात प्रतिशतको विवाह १० वर्षकै उमेरमा हुने गरेको छ। ४० प्रतिशत १४ वर्षको उमेर नपुग्दै विवाहबन्धनमा बाँधिने गरेका छन्। यसबाहेक बोक्सी उनीहरूमाथि लगाइने अर्को आरोप हो जसबाट दलित बस्तीका महिला समुदाय, गाउँ र घरपरिवारबाटै पनि पीडित छन्। दलित महिला सङ्घले ५६ जिल्लामा गरेको अध्ययनले पाँच सयभन्दा बढी दलित महिला हिंसामा परेको देखाएको छ। दलित महिलाको शिक्षा र रोजगारीमा पहुँच नहुँदा पुरुषको तुलनामा दलित महिलाले बढी हिंसा सहनुपरेको देखिन्छ। शिक्षित नभएका कारण उनीहरू आफ्नो अधिकारको सवालमा सचेत देखिँदैनन्। जसका कारण उनीहरू हिंसा सहन बाध्य छन्।

कानुनले बन्देज लगाए पनि समाजमा जातिका आधारमा हुने विभेद अझै प्रचलनमा छ। जसका कारण तल्लो जातका भनिने मानिस पीडित भइरहेकै छन्। दलित महिला समाजमा भइरहेको जातीय विभेदको अलावा विभिन्न स्वरूपका घरेलु हिंसाबाट पनि पीडित भइरहेका छन्। राष्ट्रिय महिला आयोगकी अध्यक्ष शेष चाँदतारा दलित महिलाले खेप्ने हिंसा रोक्न छुट्टै नीति बनाउनुपर्नेमा जोड दिँदै भन्छिन्, 'महिलामाथि हुने हिंसा कार्यस्थलदेखि घरसम्म छ।' उनका अनुसार पहाडी जिल्लामा भन्दा तराईमा दलित महिलाले भोग्ने समस्या केही फरक छन्। राज्यले दलित महिलाको चेतनास्तर बढाउन शिक्षा र रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न जरुरी रहेको उनको भनाइ छ।

दलित महिला सङ्घकी अध्यक्ष दुर्गा सोब पनि अन्य महिलाको तुलनामा दलित महिला बढी हिंसाको सिकार हुनुपरेको बताउँछिन्। महिला हिंसाको विषयमा आवाज उठाउने अधिकारकर्मीले दलित महिलाको मुद्दालाई समेट्न नसकेको गुनासो गर्दै भन्छिन्, 'महिलामाथिको हिंसामा पनि दलित महिलाले भोग्ने हिंसा फरक भएकाले राज्यको निर्णायक तहमा उनीहरूको पहुँच नपुगी उनीहरूमाथि हुने हिंसा अन्त्य गर्न सकिँदैन।' ऐन-कानुनको प्रभावकारी कार्यान्वयन र दोषीलाई कारबाही गर्न सके उनीहरूमाथि भइरहेको हिंसा कम गर्न सकिन्छ। विभिन्न कार्यक्रममार्फत उनीहरूको चेतनास्तर बढाउने र आयआर्जनका काममा जोड दिए बिस्तारै हिंसा कम हुनेछ। यसबाहेक निर्णायक तहमा दलित र त्यसमा पनि महिलाको प्रतिनिधित्व हुनु जरुरी छ।

*संचारिका फिचर सेवा*

*(शर्मा मेटो एफएमसँग आबद्ध पत्रकार हुन्।)*

# पीडित छन् सासूहरू पनि

**'कहिले सासूको पालो कहिले बुहारीको' भनेजस्तै पहिला-पहिला सासूबाट बुहारी पीडित हुने गर्थे। तर, अहिले बुहारीबाट सासूहरू पीडित हुने क्रम पनि बढ्दो छ।**

**यशोदा अधिकारी**

'कुट्दाकुट्दै रगत बगेको देखेर बुहारी डरले भागी र बाँचें,' उपचारका क्रममा राजधानीमा रहेकी रामेछाप सुनारपानीकी ७० वर्षीया मसिना सार्कीले आफ्नो पीडा सुनाइन्। गत पुसको अन्त्यतिर उनी बुहारी टीकाबाट कुटिएकी हुन्। साँझ घरमा सुतिरहेको अवस्थामा बुहारीले बन्चरो प्रहार गर्दा उनको टाउकोमा गम्भीर चोट लागेको छ। र, एउटा हात भाँचिएको छ। तर, गरिबीका कारण उनको उपचारमा समेत समस्या देखिएको तामाकोसी सहकारी अस्पतालका निर्देशक डा. सुमन कर्माचार्यले बताए।

रामेछापकी मसिनाको जस्तै पीडा काठमाडौंकी सरस्वती थापाको पनि छ। गत मङ्सिर १६ गते नयाँबानेश्वरनिवासी ८९ वर्षीया सरस्वती थापालाई कान्छी बुहारी विमलाले अनामनगरमा ल्याएर छोडिदिइन्। दिउँसो १२ बजेको मध्यघाममा सिंहदरबारको पेटीमा बोल्नसम्म पनि नसक्ने सासूलाई आफैँले चलाएको निजी कारबाट ओराल्दा सबैले अनुमान गरेका थिए, उनलाई उपचारका लागि ल्याइएको होला भनेर। तर, ती वृद्धालाई बाटोमै अलपत्र छोडिदिएर उनकी बुहारी फर्किन्। पछि अनामनगर पोलिक्लिनिकमा काम गर्ने एक महिलाले उनलाई औषधि र जुस खुवाएपछि ती वृद्धा बोलिन्, 'कान्छो छोराले पाल्छु भनेर मेरो भागको सम्पत्ति खायो। आज मेरो यस्तो अवस्था भयो।' यसपछि उनको वास्तविकता सबैले थाहा पाए। ती वृद्धाकी बुहारी एउटा स्कुलमा पढाउने शिक्षिका रहेको खुलेको छ। वृद्धाले आँखाबाट आँसु झार्दै यसो भनेपछि जम्मा भएकामध्येकै कसैले दिलशोभालाई फोन गरिदियो। पोलिक्लिनिकनजिकै फलफूल पसल चलाउने एउटी महिलाले वृद्धालाई ट्याक्सीमा राखेर आमाघर पुऱ्याइन्। आफ्नो नाममा रहेको सम्पत्ति पनि छोराको नाममा गरिदिएपछि उनी अहिले आमाघरको सहारामा छिन्।

त्यस्तै, नुवाकोट घर भई काठमाडौं गोंगबु बस्दै आएकी ६० वर्षीया मिश्री सिलवाल पनि यस्तै घटनाको पीडित हुन्। जेठो छोराले बुहारी ल्याएदेखि नै पीडा सुरु भएको उनको भनाइ छ। उनलाई बुहारी पार्वतीले मात्रै होइन, बुहारीका माइतीले समेत आएर धम्क्याउने र बोक्सीको आरोप लगाउने गरिरहेको उनी बताउँछिन्। बुढेसकालमा एक्लै बस्नुपरेको दुःख पोख्दै मिश्री भन्छिन्, 'समयमा खाना नपकाएको भनेर पार्वतीले कूचोले हानी, बुहारी ल्याएर सुख होला भनेको त दुःखको दिन पो आए।'

त्यस्तै कहानी छ काभ्रेकी मिठु दमाईंको पनि। अहिले उनको गुजारा मागेर चलिरहेको छ। दैनिक काठमाडौंस्थित नयाँसडकको जुद्धसालिकअगाडि माग्ने गर्छिन्। जाडो होस् या गर्मी, एकसरो लुगाको भरमा बिहानदेखि बेलुकासम्म बाटोमा बस्दा चालीस/पचास रुपैयाँ जम्मा हुन्छ। सुरुमा उनको पारिवारिक अवस्था अत्यन्तै राम्रो थियो। श्रीमान्को मृत्युपछि छोराहरू काठमाडौं आएर बस्न थाले। सकिन्जेल त उनले गाउँमै काम गरिन्। शारीरिक रूपमा कमजोर भएपछि बाध्य भएर उनी छोरासँग राजधानी पसेकी हुन्। विवाहअघि उनलाई छोराले राम्रैसँग हेरविचार गरेको थियो। तर, छोराको विवाह भएपछि बुहारीसँग कुरा मिल्न सकेन। विगत सम्झँदै उनी भन्छिन्, 'सुरुमा त जे भने पनि सहेर बस्थेँ, पछि अति नै भएपछि म पनि कराउन थालेँ। म बूढीले गर्दा छोराबुहारीको नराम्रो हुनेजस्तो लाग्यो घर छोडर आएँ।' गाउँमा भएको जग्गाजमिन बेचेर उनको छोराले काठमाडौंको स्वयम्भूमा तीनतले घर किनेको छ। बुढेसकालको सहारा, छोराको काठमाडौंमा आफ्नै घर भए पनि उनी खुला आकाशमुनि रात कटाउन बाध्य छिन्।

'कहिले सासूको पालो कहिले बुहारीको' भनेजस्तै पहिला-पहिला सासूबाट बुहारी पीडित हुने गर्थे। तर, अहिले बुहारीबाट सासूहरू पीडित हुने क्रम पनि बढ्दो छ। माथि उल्लेख गरिएका हिंसाका घटना प्रतिनिधि मात्रै हुन्। पछिल्लो समयमा बुहारीले सासूमाथि दिने शारीरिक, मानसिक यातनाका घटना बाक्लिएका छन्। तर, त्यस्ता घटना बाहिर आउँदैनन्। पुरानो संस्कारमा सासू घरको हर्ताकर्ता हुने हुँदा बुहारी पीडित हुने गर्दथे। ज्येष्ठ नागरिकको अधिकारका लागि कार्यरत कमला पराजुली भन्छिन्, 'पहिलाका बुहारीको हातमा साधन र स्रोत हुँदैनथ्यो। अहिलेका बुहारीहरू कामकाजी हुने र आम्दानी पनि हुन थालेपछि सासूहरू पीडित हुने क्रम पनि बढेको हो।' बुहारी भनेको छोरीजस्तै हो भनेर सासूहरूले बुझ्न र बुहारीले पनि सासू जन्म दिने आमाजस्तै हुन् भनेर बुझ्न नसकेको पराजुलीको ठम्याइ छ। रुढीवादी परम्परामा हुर्केका सासूहरू र नयाँ पुस्ताका बुहारीबीच बुझाइमा समस्या आउँदा पनि परिवारमा समस्या आएको छ। कास्कीकी राधा मैनाली सुत्केरी हुँदा सासूले बच्चा र आफूलाई नछोएको निहुँमा श्रीमान्सहित अलग भएर बसिन्। पुरानो संस्कार र संस्कृतिले नयाँ पुस्ता र पुरानो पुस्ताबीचमा खाडल पैदा भएको मनोविज्ञ शर्मिला ठाकुरको ठहर छ। उनी भन्छिन्, 'पहिलापहिलाका मान्छेमा शिक्षाको अभाव थियो। उनीहरू रुढीवादी चलनअनुसार चल्थे। तर, अहिले समाजमा परिवर्तन भइरहेका छन्। युवा पुस्ता संस्कारका नाममा हुने रुढीवादी पराम्परा मान्न

**उमेर ढल्दै गएपछि शारीरिक अवस्था अत्यन्तै कमजोर हुने हुँदा वृद्धाहरू आफूमाथि भएको हिंसाबारे कसैलाई भन्न चाहँदैनन्। बुहारीले आफूमाथि हिंसा गरेको भन्दै उजुर गर्ने अवस्था पनि हुँदैन। नयाँ पुस्ताका बुहारी पढेलेखेका हुनु, कामकाजी हुनु तर सासूहरूले रुढीवादी परम्परा र पुराना चलनमा विश्वास गर्दा उनीहरूबीच समस्या उत्पन्न भएको छ।**

चाहँदैन । तर, यस्ता कुरा बुझ्ने र बुझाउनेबीचमा भने निकै ठूलो खाडल पैदा भएको छ ।' ठाकुरका अनुसार दुई पुस्ताबीचको बुझाइअन्तरका कारण पनि हिंसा हुने गरेको छ ।

त्यसो त उमेर ढल्दै गएपछि शारीरिक अवस्था अत्यन्तै कमजोर हुने हुँदा वृद्धाहरू आफूमाथि भएको हिंसाबारे कसैलाई भन्न चाहँदैनन् । बुहारीले आफूमाथि हिंसा गरेको भन्दै उजुर गर्ने अवस्था पनि हुँदैन । नयाँ पुस्ताका बुहारी पढेलेखेका हुनु, कामकाजी हुनु तर सासूहरूले रुढीवादी परम्परा र पुराना चलनमा विश्वास गर्दा उनीहरूबीच समस्या उत्पन्न भएको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ ले ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई वृद्ध मानेको छ ।

सासू र बुहारीबीचको सम्बन्ध सुमधुर बनाउन सासूहरूले बुहारी छोरीजस्तै हो भनेर बुझ्नुपर्छ र बुहारीहरूले पनि सासू आमाजस्तै हो भन्ने बुझ्नु जरुरी छ । छोराबुहारी वृद्धा अवस्थाका आमाहरूका लागि बुढेसकालको सहारा हुन् । उनीहरूको भावना बुझ्न सके उनीहरूले बुहारीप्रति राम्रो व्यवहार गर्न सक्छन् ।

*संचारिका फिचर सेवा*

*(अधिकारी राजधानीमा कार्यरत स्वतन्त्र पत्रकार हुन् ।*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत आरम्भ गरेको फिचर सेवा जारी छ । लैङ्गिक हिंसाको विभिन्न स्वरूपहरूमा केन्द्रित रहेर प्रकाशित हुने यस फिचर सेवा घरेलु हिंसामा केन्द्रित रहनेछ । जसमा हरेक महिना चारवटा फिचर लेख प्रकाशित हुनेछन् । फिचर सेवाका लागि कम्तीमा नौ सयदेखि एघार सय शब्दको फिचर पठाउन फिचर लेखकहरूलाई अनुरोध गर्दछौँ । प्रकाशित गर्न उपयुक्त ठानिएका लेखका लागि रु. ३,५००।- (तीन हजार पाँच सय रुपैयाँ) पारिश्रमिक प्रदान गरिनेछ । तर, प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार भने सञ्चारिका समूहमा निहित रहनेछ ।

विद्युतीय कपीका रूपमा यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने पत्रपत्रिका तथा एफएम रेडियोहरूका लागि निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएमा इमेल वा टेलिफोनमार्फत समूहको केन्द्रीय कार्यालयमा सम्पर्कका लागि आग्रह गर्दछौँ । फिचर प्रकाशित वा प्रसारित गर्दा साभार : सञ्चारिका समूह उल्लेख गरिदिन पनि अनुरोध गर्दछौँ ।

**घरेलु हिंसा विरुद्ध राष्ट्रिय सञ्जालका लागि साथी र सञ्चारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, कुपण्डोल, ललितपुर
पोष्ट बक्स नं. : १३२९३, काठमाडौं
फोन नं. : ०१ ५५३०१९२, ०१ ५५५११८२
इमेल : sancharika@wlink.com.np
वेबसाइट : www.sancharika.org

**सल्लाहकार**
**निर्मला शर्मा**

**सम्पादन**
**नितु पण्डित**

**सम्पर्क ठेगानाः**
साथी
धोबिघाट, ललितपुर
पोष्ट बक्सः ७७७०
फोनः ५५३७१०३, ५५३७१०४
फैक्सः ५५३५९१२
ईमेलः saathi.ktm@gmail.com
फेसबुकः saathiatfacebook@gmail.com
वेबसाईटः www.saathi.org.np